# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कृष्ण बहादुर बोहरा (वि.अ. को मु.नं. ०७६-CR-०२८२), वि.अ. को फैसला मिति २०७९।११।२८) | बिद्यालय भवन निर्माणको रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादी कृष्ण बहादुर बोहराले गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर भएकोले प्रतिवादी कृष्ण बहादुर बोहराले हिनामिना गरेको रु. ७,२९,९४६।४१ बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी कृष्ण बहादुर बोहराले रु ४,०१,०००/- बदनियतपुर्वक हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुर गरेको ठहऱ्याई प्रतिवादीलाई सोही दफा बमोजिम कैदको सजाय नगरी बिगो रु ४,०१,०००/- जरिवाना हुने ठहर्छ भनी फैसला भएको।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>-निर्माण कार्यको लागि जम्मा रु ४१,५४,५००/- निकाशा भै प्रतिवादीले बुझेकोमा जम्मा रु ७,२९,९४६।४१/- वरावरको काम नभएकोले सो रकम हानि नोक्सानी गरेको भन्ने आरोप दावी रहेकोमा पेश भएको प्राविधिक प्रतिवेदन र बकपत्र समेतबाट जम्मा रु ४,०१,१४७।६०/- बराबरको कार्य मात्र बाँकी देखिदा सोही रकमसम्म प्रतिवादीले हिनामिना गरी कसूर गरेको।<br>-जिल्ला शिक्षा कार्यालय डोटीसँग मिति २०७०/०१/५ मा गरेको सम्झौता, लगत इष्टिमेट, नापी किताब, हेमराज जोशी, नवराज जोशी र रजल श्रेष्ठ समेतले पेश गरेको छुट्टाछुट्टै स्थलगत निरीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समेतका आधारमा प्रतिवादी कृष्णबहादुर | क. जिल्ला शिक्षा कार्यालय, डोटीको च.नं. १७२३ मिति २०७४।१२।२७ को पत्रसाथ प्राप्त सम्झौता फारम र लागत इष्टिमेट अनुसार बिज्ञान प्रयोगशाला भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, डोटीबाट आ.ब. ०६९/०७० मा रु.२४,००,०००।– र जनश्रमदानबाट रु.१४,४६,२६५।७३ गरी जम्मा रु. ३८,४६,२६५।७३/- मा भवन निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७०।०१।०५ मा सम्झौता भएको। आ.ब. २०७२/०७३ को लेखा परीक्षण प्रतिवेदनमा तत्कालिन अध्यक्ष कृष्ण बहादुर बोहराले बिज्ञान प्रयोगशाला भवन निर्माणको लागि आ.ब. ०७२/०७३ सम्म रु. ४१,५४,५००।- पेश्की लिएको भन्ने ब्यहोरा उल्लेख भएबाट कृष्ण बहादुर बोहराले रु. ४१,५४,५००।- रकम बुझेको देखिएको।प्रतिवादी कृष्ण बहादुर बोहराले उक्त रकम पेश्की लिएको विषयमा विवाद नरहेको। स्वयं प्रतिवादी कृष्ण बहादुर वोहराले प्रस्तुत विषयलाई इन्कार गरेको अवस्था पनि नरहेको।<br>ख. जिल्ला शिक्षा कार्यालय, डोटीको च.नं. ८९ मिति २०७४।०४।१२ को पत्रसाथ प्राप्त प्रतिवेदनबाट केदारेश्वर उ.मा.वि. को ४ कोठे बिज्ञान प्रयोगशाला भवनको झ्याल र ढोका खरिद गरी निर्माण स्थलमा पुऱ्याएको र बाँकी काम भवनको बाहिर भित्र पलाष्टर गर्न, रंग रोगन गर्न र भित्रपट्टी सोलिङ/ढलानको कार्य रहेको भन्ने ब्यहोरा उल्लेख भएको। जिल्ला शिक्षा कार्यालय, डोटीको च.नं. १७२३ मिति २०७४।१२।२७ को पत्रसाथ प्राप्त नापी कितावबाट बिज्ञान प्रयोगशाला भवनको हालसम्म सम्पन्न गरेको लागत परिणाम अनुसार रु. ३१,०९,९४५।५५ बराबरको कार्य मात्र भएको भन्ने खुल्न आएको।<br>ग. बडीकेदार गाँउपालिका डोटीको च.नं. ८४ मिति २०७५/०५/१९ गतेको पत्रबाट बिज्ञान प्रयोगशाला भवन ब्यबस्थापनको लागि आ.ब. ०७४/०७५ मा रु. ६ लाख बिनियोजन भई विद्यालय ब्यबस्थापन समिति मार्फत कार्य सम्पन्न भई भुक्तान गरिएको र आ.ब. ०७५/०७६ मा पनि बिज्ञान प्रयोगशालामा आवश्यक सामाग्री र बिज्ञान प्रयोगशालाको भवन व्यवस्थापन वापत रु. ६ लाख बिनियोजन भई केदारेश्वर मा.वि बिज्ञान प्रयोगशाला निर्माण समिति बडीकेदार-५ मार्फत कार्य सम्पन्न भई नियमानुसार लाग्ने कर कट्टी गरी रु. ५,६१,४४५।– रकम भुक्तानी दिएको भन्ने पत्र प्राप्त हुन आएको। आ.ब. ०७४/०७५ मा बिज्ञान प्रयोगशाला भवन ब्यबस्थापनको लागि रु. ६ लाख बिनियोजन भएको रकम र आ.ब. ०७५/०७६ मा बिज्ञान प्रयोगशालामा आवश्यक सामाग्री र बिज्ञान प्रयोगशालाको भवन व्यवस्थापन वापत रु. ६ लाख बिनियोजन भएको रकमको कार्य सम्पन्न भै सकेको देखिएबाट जिल्ला शिक्षा कार्यालय, डोटिले मूल्यांकन गरे बाहेकको बाँकी कार्य गाँउपालिकाबाट बिनियोजन भएको रकमबाट सम्पन्न भएको देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बोहोराले केदारेश्वर उच्च माध्यामिक बिद्यालयको लागि जिल्ला शिक्षा कार्यालय डोटीले निकासा गरेको रकम र बिद्यतालयको आन्तरिक स्रोतको रकम मध्येबाट रु ४,०१,०००/- बदनियतपुर्वक हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | घ.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्राविधिक सहितको टोलीले स्थलगत निरीक्षण गरी मिति २०७६।०९।०२ मा पेश गरेको प्राविधिक प्रतिवेदन अनुसार बडीकेदार गाँउपालिका, डोटीबाट निकासा भएको रकमबाट प्लास्टर, रंग रोगन र झ्याल ढोकामा काठको पल्ला राख्ने कार्य भएको र सो कार्यको मूल्यांकन गर्दा रु. ५,६९,०२३।६६ को कार्य भएको देखिएको। साथै, जिल्ला शिक्षा कार्यालय डोटीबाट अनुदान रु. २४,००,०००।– र विद्यालयको अन्तरिक स्रोतको रु. १७,५४,५००।– गरी जम्मा रु. ४१,५४,५००।– बाट निर्माण भएको कार्यको साविकको जिल्ला शिक्षा कार्यालय, डोटीबाट रु. ३१,०९,९४५।– मूल्यांकन भएको देखिएकोमा स्थलगत नाप जाँच गर्दा रु. ३१,१६,०५३।५९/- को मूल्यांकन भएको देखिएको र रु. १०,३८,४४६।४१ रकम हिनामिना भएको भनी प्रतिवेदन दिएको।<br>ङ. प्रतिवेदकहरु तारा पाण्डे तिवारी र रजल श्रष्ठले मिति २०७६/०९/०२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको प्रतिवेदनबाट विद्यालयको विज्ञान प्रयोगशाला भवनको स्थलगत निरीक्षणमा देखिएको मुल्याङ्कन रकम रु ३१,१६,०५३।५९/- र प्लास्टर, रंगरोगन, झ्याल र ढोका पल्लाको स्थलगत निरीक्षणमा देखिएको मुल्याङ्कन रकम रु ५,६९,०२३।६६/- गरी जम्मा ३६,८५,०७७।२५/- रकमको काम भएको। सो तथ्यलाई रजल श्रष्ठले अदालत समक्ष उपस्थित भई वकपत्र गर्दा भवन निर्माण कार्यको जम्मा लागत रु ३६,८५,०७७।२५/- रहेको पाइएको थियो भनि वकपत्र गर्नु भएको भन्ने निर्णयाधार लिई दुई छुट्टा छुट्टै कामको विवरणलाई एउटै मानी अनुसन्धान, अभियोजन, सम्बन्धित कागजातहरु र अदालतको वकपत्रबाट समेत विज्ञान प्रयोगशाला भवनको प्लाष्टर, रंगरोगन, झ्याल र ढोकाको पल्लाको मूल्याङ्कन भएको रु ५,६९,०२३।६६/- वडीकेदार गा.पाबाट आ.व ०७४/०७५ मा निकासा भएको रु ६,००,०००/- रकमबाट बनेको हो भन्ने निर्विवाद र स्पष्ट रुपमा देखिंदा देखिंदै पेश भएको प्राविधिक प्रतिवेदन र बकपत्र समेतबाट जम्मा रु ४,०१,१४७।६०/- बराबरको कार्य मात्र बाँकी देखिदा सोही रकमसम्म प्रतिवादीले हिनामिना गरेको भन्ने विशेष अदालत काठमाडौंको निर्णयाधार सो हदसम्म त्रुटिपुर्ण रहेको।<br>च. साविक जिल्ला शिक्षा कार्यालय, डोटीले निकासा गरेको रु.२४,००,०००।– र विद्यालयको आन्तरिक स्रोतबाट रु.१७,५४,५००।– गरी जम्मा रु. ४१,५४,५००।– तत्कालिन विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले पेश्की लिएको रकमबाट निर्माण भएको कामको साविकको जिल्ला शिक्षा कार्यालय, डोटीले रु. ३१,०९,९४५।– बराबरको मूल्यांकन गरेकोमा आयोगको स्थलगत निरीक्षणको क्रममा गरिएको मुल्यांकनबाट रु. ३१,१६,०५३।५९ (एकतीस लाख सोह्र हजार त्रिपन्न रुपियाँ पैसा उनान्साठी) बराबरको कार्य भएको देखिएको र निजले विद्यालयको खातामा रु. ३,०८,५००।– (तीन लाख आठ हजार पाँच सय रुपियाँ) जम्मा गरेको देखिदाँ प्राविधिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन समेतका आधारमा तत्कालिन विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले रु. ७,२९,९४६।४१(सात लाख उनान्तिस हजार नौ सय छयालिस रुपियाँ पैसा एक चालिस) रकम हिनामिना गरेको तथ्यबाट पुष्टी भै रहेको अवस्थामा विशेष अदालतबाट निज प्रतिवादी कृष्ण बहादुर बोहरालाई जम्मा रु ४,०१,०००/- मात्र बदनियतपुर्वक हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुर गरेको ठहऱ्याई प्रतिवादीलाई सोही दफा बमोजिम कैदको सजाय नै नगरी रु ४,०१,०००/- मात्र जरिवाना हुने गरी गरेको फैसला सो हदसम्म त्रुटीपुर्ण रहेको।<br>छ.विशेष अदालतको फैसलामा प्रतिवादी कृष्ण बहादुर बोहराले जम्मा रु ४,०१,०००/- बदनियतपुर्वक हानीनोक्सानी गरेको भन्ने उल्लेख भएको। हानी नोक्सानी भएको रकम रु ४,०१,०००/- र फैसलाको खण्ड २८ मा उल्लेख भएको रकम ४,०१,१४७।६०/- फरक परेको देखिएको। निर्णय खण्ड र तपशिल खण्डमा के कसरी फरक भयो सो समेत कही कतै नखुलेको हुँदा माथी विवेचित आधार प्रमाणहरुबाट आरोपदावी बमोजिम बिगो कायम गरी सजायसमेत गरी पाउन मागदाबी लिइएको। |